जेठ, २०७८

# सिकाइ संस्कृति विकाससम्बन्धी कष्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रम

## आधारभूत तथा माध्यमिक तह

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र.स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिचय | १ |
| २ | तालिमको सक्षमता | २ |
| ३ | तालिमको विषयवस्तु | २-४ |
| ४ | तालिम कार्यान्वयन कार्यविधि | ४-६ |
| ५ | तालिम मूल्याङ्कन | ६ |
| ६ | कार्ययोजना तथा प्रतिबद्धता | ६ |

## १. परिचय

नेपालको संविधानमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, नागरिक व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने, वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा बैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने जस्ता राज्यका नीतिहरू उल्लेख गरिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु भन्ने उद्देश्य राखेको छ। उक्त नीतिहरूको मर्म र भावनालाई प्रचलनमा ल्याउन विभिन्न किसिमका नीति औजारहरू (Policy Tools) आवश्यकता पर्दछ। शिक्षक तालिम पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा लैजानु नीति औजारहरूमध्ये एक सशक्त विकल्प हो। यसै मर्म र भावनालाई केन्द्रविन्दुमा राखी विद्यालय शिक्षामा सिकाइ संस्कृति विकास तालिम पाठ्यक्रम विकास गरिएको छ। शिक्षक तालिमको माध्यमबाट मुलुकभरका विद्यालयहरूमा सिक्ने र सिकाउने वातावरण निर्माण गरी नियमित र निरन्तर सिकिरहने आचरणको विकास गर्नु यस कष्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रमको मूल ध्येय हो।

विश्वव्यापीकरणको प्रभावले भित्र्याएका विभिन्न नवीन अवधारणा र अभ्यासहरू तथा विभिन्न समयमा देखा पर्ने आपतविपदको अवस्थाले शैक्षिक संस्थाहरूको ग्रहणशील क्षमता, अनुकूलनशीलता र उत्थानशीलता क्षमता विकास गरी विद्यार्थीलगायत शिक्षक समुदायमा निरन्तर सिक्ने र सिकाउने प्रयास विकास गर्न आवश्यक देखिन्छ। संस्कृति भनेको आचरणगत (Behavioral), मनोवैज्ञानिक (Psychological) र संवेगात्मक (Emotional) स्थितिको योग हो, जुन सङ्गठनका प्रत्येक सदस्यले अवलम्बन गरी आन्तरिकीकरण गरिएको हुन्छ (Plastrik and Osborne 1997)। विद्यालयमा सिकाइ संस्कृति भनेको विद्यालयका सदस्यका रूपमा रहेका विद्यार्थी र शिक्षकलगायत सम्पूर्ण सरोकारवाला अभिभावकहरूमा नियमित सिकाइ हुनुपर्छ र नवीन चिन्तन, खोज, अनुसन्धान, आविष्कारको माध्यमबाट मौजुदा ज्ञान, सिप, अनुभव र क्षमताको बढोउत्तरी र सो क्षमताको विस्तारीकरणलाई बुझ्नुपर्दछ।

यस तालिम पाठ्यक्रमको मुख्य अभिप्राय भनेको विद्यालयहरूमा कार्यरत शिक्षकहरूमा सिकाइ संस्कृतिको विकासका लागि ज्ञान, सिप र क्षमताको विकास गराउन तालिम प्रदान गर्नु हो।

## २. तालिम सक्षमता

यस तालिमपश्चात् सहभागी शिक्षकहरूमा देहायबमोजिमका सक्षमताहरू विकास भएको हुने अपेक्षा गरिएको छ।

क. सिकाइ संस्कृति विकासका लागि विभिन्न किसिमका योजनाहरू निर्माण र कार्यान्वयन

ख. नवीन सोच, चिन्तन, खोज, आविष्कारको माध्यमबाट शिक्षक तथा विद्यार्थीहरूमा ज्ञान तथा सिपको अद्यावधीकरण

## ३. तालिमका विषयवस्तु

| क्र.स. | विषयवस्तु | विस्तृतीकरण | सत्र | कैफियत |
|---|---|---|---|---|
| १ | सिकाइ संस्कृतिको अवधारणा | • सिकाइका नवीन अवधारणा र सैद्धान्तिक पक्ष<br>• सिकाइ संस्कार र संस्कृतिको विश्लेषण<br>• सिकाइ संस्कृतिसम्बन्धी अन्तराष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरूको विश्लेषण<br>• विद्यालयमा सिकाइ संस्कृति विकास का सम्भावनाहरू | १ | |
| २ | विद्यालयमा सिकाइ संस्कृतिका विकासका मूलभूत पक्षहरू | • विद्यालय पर्यावरण र सिकाइको सम्बन्ध<br>• सिकाइ संस्कृति विकासका विकल्पहरू<br>• शिक्षण र सिकाइबिचको भिन्नता<br>• शिक्षणलाई सिकाइमा रूपान्तरण गर्नका कारणहरू<br>• शिक्षण सिकाइ र परीक्षाबिचको अन्तरसम्बन्ध<br>• सिकाइको मूल्य मान्यता | ३ | |
| ३ | सिकाइ संस्कृति विकासमा सरोकारवालाहरूको भूमिका | • सिकाइ संस्कृति विकासमा विद्यालय व्यवस्थापन तथा प्रअको भूमिका पहिचान<br>• सिकाइ संस्कृति विकासमा शिक्षकको भूमिका पहिचान<br>• सिकाइ संस्कृति विकासमा विद्यार्थीको | ३ | |

| क्र.स. | विषयवस्तु | विस्तृतीकरण | सत्र | कैफियत |
|---|---|---|---|---|
| | | भूमिका पहिचान<br>• सिकाइ संस्कृति विकासमा अभिभावकको भूमिका पहिचान<br>• सिकाइ संस्कृति विकासमा स्थानीय तहको भूमिका पहिचान<br>• विभिन्न सरोकारवालाहरूको भूमिकाको भूमिका अभिनय/अभ्यास<br>• सिकाइ संस्कृति विकासको लागि सामूहिक योजना निर्माण | | |
| ४ | शिक्षकको सिकाइ संस्कृति विकास योजना निर्माण र प्रयोग | • शिक्षक सिकाइ संस्कृति विकासको आवश्यकता<br>• शिक्षक वृत्ति पथ/मार्ग (Career path) निर्माण र स्वःविकास (Self-development)<br>• स्वःसिकाइको इच्छा, आवश्यकता र सबलता (Desire Need Asset-DNA) पहिचान<br>• विद्यार्थी/सिकारूको व्यक्तिगत अवस्था पहिचान (Know Your Students- KYS)<br>• सुधारका क्रियाकलापहरूको बारेमा छलफल<br>• सिकाइ सुधार योजना निर्माण (अवयव छनोट, सिकाइ योजना तयार, समय तालिका, कार्ययोजना निर्माण र कार्यान्वयन)<br>• नियमित र निरन्तर प्रतिबिम्बन र समीक्षा | ४ | |
| ५ | विद्यार्थीको वैयक्तिक सिकाइ संस्कृति विकास योजना निर्माण | • विद्यार्थी सिकाइ संस्कृति विकासको आवश्यकता<br>• सिकाइको वर्तमान अवस्थाको | | |

| क्र.स. | विषयवस्तु | विस्तृतीकरण | सत्र | कैफियत |
|---|---|---|---|---|
| | र प्रयोग | प्रतिबिम्बन र समीक्षा<br>• विद्यार्थी सिकाइको इच्छा, आवश्यकता र सबलता (DNA) पहिचान<br>• सुधारका क्रियाकलापहरूको छलफल<br>• सिकाइ योजनाको निर्माण<br>• कार्यान्वयनको समयतालिकासहित कार्यान्वयन<br>• नियमित र निरन्तर प्रतिबिम्बन र समीक्षा | ३ | |
| ६ | सिकाइ संस्कृति विकासको लागि संयन्त्रको निर्माण | • समिति तथा उपसमिति निर्माण<br>• समितिबाट आवश्यक समन्वय र सहजीकरण<br>• विद्यार्थी, शिक्षक, विद्यालय प्रशासन, अभिभावकको योजनाबद्ध कार्यको अवलोकन<br>• अभिलेखीकरण<br>• हौसला, उत्प्रेरणा प्रदान<br>• प्रबोधीकरण कार्य | १ | |

# ४. तालिम कार्यान्यवन कार्यविधि

## ४.१ तालिम अवधि

यो तालिम पाँच दिन अवधिको हुने छ। पाँचै दिन आमनेसामने, अनलाइन, भर्चुअल वा मिश्रित पद्दतिबाट शिक्षा तालिम केन्द्रमार्फत तालिम सञ्चालन हुने छ। प्रति दिन ३ सत्रका दरले ५ दिनको अवधिमा १५ ओटा सत्रहरू सञ्चालन हुने छन्। प्रति सत्र १ घण्टा ३० मिनेटको हुने छ।

## ४.२ लक्षित समूह

आधारभूत तथा माध्यमिक तहमा शिक्षण गर्ने सबै प्रकारका शिक्षकहरू यस तालिम पाठ्यक्रमको लक्षित समूह हुन्।एक महिने शिक्षक पेसागत विकास तालिम प्राप्त गरेका शिक्षकले समेत यो तालिम लिने छन्।सहभागी छनोटका लागि शिक्षा तालिम केन्द्रले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह तथा विद्यालयसँग आवश्यक समन्वय र सहकार्य गर्ने छ।स्थानीय तह र तालिम प्रदायक अन्य सङ्घसंस्थाले सिकाइ संस्कृति विकाससम्बन्धी छोटो अवधिको शिक्षक तालिम सञ्चालन गर्दा यो पाठ्यक्रमको प्रयोग गर्न सक्नेछन्।

## ४.३ तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

क. आधारभूत तथा माध्यमिक तहमा अध्यापन गराउने शिक्षकहरूका लागि तालिम कार्यक्रम शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुने छ।

ख. शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात ३ सत्र सम्मका विषयवस्तु शिक्षा तालिम केन्द्रले स्थानीय विज्ञ तथा अन्य सरोकारवालाहरूको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्ने छ।

## ४.४ तालिम सहजीकरण प्रक्रिया

क. शिक्षा तालिम केन्द्रका प्रशिक्षक, रोस्टर प्रशिक्षक, क्याम्पस तथा युनिभर्सिटीका सम्बन्धित विषयका प्राध्यापक तथा विज्ञहरूबाट तालिम सत्र सहजीकरण गरिने छ।

ख. तालिमको सत्र सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी स्वअध्ययन, सहकार्य, अनलाइन, भर्चुअल तथा मिश्रित विधिको उपयोग गर्नुपर्ने छ।

ग. तालिम सञ्चालन गर्दा फ्लिप्ड ढाँचा (Flipped Model) को अवलम्बन गर्न सकिने छ।

घ. तालिम सञ्चालन गर्दा सकेसम्म समकालिक (Synchronous) भन्दा असमकालिक (Asynchronous) सिकाइलाई जोड दिनुपर्ने छ।

ङ. सिकाइ सहजीकरणका विधि तथा सूचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयवस्तुसँग पनि आबद्ध गरेर प्रयोग गर्नुपर्ने छ।

च. तालिम सञ्चालन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा विकास गरिएको तालिम सामग्रीको आधारमा सञ्चालन गर्नुपर्ने छ। सो सामग्रीका अलवा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि उपयोग गर्न सकिने छ।

- साझा तथा खुला मञ्चहरूको प्रयोग
- समकालिक र असमकालिक विधिहरू
- Community of the Practitioners (CoP)/Buddying up
- स्वाध्ययन विधि
- अनुसन्धानात्मक विधि
- प्रतिबिम्बात्मक विधि
- परियोजना विधि
- दुर सिकाइ विधि
- अन्तरक्रिया तथा छलफल विधि
- प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
- जोडी कार्य तथा समूह कार्य विधि
- अवलोकन विधि
- मामला/घटना अध्ययन विधि
- समस्या समाधान

## ५. तालिम मूल्याङ्कन

क. यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन निरन्तर रूपमा उनीहरूले तालिमका दौरानमा निभाएको भूमिका, जागरूकता, तालिममा सहभागिता र दैनिक उपस्थितिका आधारमा गरिने छ। स्वाध्ययन, छलफल, समूह कार्य र प्रस्तुतिका साथै तालिम पूर्व (Pre-Test) र तालिमपश्चातको मूल्याङ्कन (Post Test) पनि मूल्याङ्कनका आधार हुनेछन्।

ख. सहभागी शिक्षकहरूलाई तालिमपश्चात् तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिने छ।

## ६. कार्ययोजना तथा प्रतिबद्धता

क. सहभागीहरूले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तिमा पाँच ओटा कार्यको कार्ययोजना (Action Plan) बनाई प्रस्तुत गर्नुपर्ने छ।

| क्र.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख. तालिम अवधिमा निर्माण गरिएका पाठयोजनासमेत कार्ययोजनामा आबद्ध गरी कक्षा शिक्षण गर्नुपर्ने छ।

ग. सहभागीहरूले कार्ययोजनाबमोजिमका सुधारहरू गर्ने प्रतिबद्धता शिक्षा तालिम केन्द्र समक्ष पेस गर्नुपर्ने छ।

घ. शिक्षकले जाहेर गरेको प्रतिबद्धता शिक्षा तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनुपर्ने छ।

ΩΩΩ